# मिथिला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ढल्केबर, धनुषा

प्रदेश नं. २, नेपाल

## सेनेटरी प्याड खरिद कार्यको लागि बोलपत्र आवहानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७७/०२/२७)

यस नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा अध्ययनरत किशोरावस्थामा महिनावारी हुने उमेर समूहका छात्राहरुलाई सेनेटरी प्याड उपलब्ध गराउने उद्देश्यले इजाजत प्राप्त इच्छुक व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रहि खरिद कार्य गरी उपलब्ध गराउनको लागि रितपूर्वक बोलपत्र आवहान गरिएको छ।

**शर्तहरु :**

- बोलपत्र फारम खरिद गर्न इच्छुक व्यवसायी/फर्महरुले नवीकरण तथा चालु आ.व.को लागि मान्यता प्राप्त भएको फर्म वा कम्पनीको प्रमाण-पत्र, स्थायीय इजाजत पत्र, स्थायी लेखा नं. एवं आयकर तथा मू.अ.क. दर्ता प्रमाण पत्र (भ्याट), साथै आ.व. २०७५/०७६ को कर चुक्ता विवरण पेश गरेको कागजात, अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपीको साथ तल उल्लेखित नगद रकम ( पछि फिर्ता नहुने) माछापुच्छ्रे बैंक ढल्केवर शाखामा रहेको खाता न १००१५२४७९९८७११५१ मा जम्मा गरेको बैंक भौचर संलग्न गरी कार्यालयको राजस्व शाखाबाट बोलपत्र खरिद तथा दर्ता गर्न सकिन्छ।
- स्यनिटरी प्याडको विवरण तथा व्यवस्थापन कार्यविधि २०७६ को दफा ३ को उपदफा ५ संग सम्बन्धित न्यनतम मापदण्ड पुरा भएको हुनुपर्नेछ।
- बोलपत्र संम्बन्धी कागजात दाखिला गर्दा बोलपत्र पुस्तिकामा उल्लेख भए बमोजिमको कुराहरु खेलेको प्रमाण बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
- बोलपत्र पुस्तिका तथा सूचनामा उल्लेखित मूल्याङ्कनका आधारहरु पूरा नगर्ने दरभाउ पत्र स्वीकृत गरिने छैन।
- बोलपत्र फारम भर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। साथै केरमेट भएको ठाउँमा सहीछाप हुनु पर्नेछ।
- बोलपत्र जमानत रकम माछापुच्छ्रे बैंक ढल्केवर शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. १००१५२४७९५८७१०७८ मा नगद जम्मा गरेको सकल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको हुनु पर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिनसम्म म्याद भएको बैक जमानत (Bid Bond) समावेश भएको हुनु पर्नेछ। अन्यथा बोलपत्र अयोग्य मानिनेछ।
- बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा संलग्न गरिएको स्पेशिफिकेशन तथा अन्य व्यहोरा प्रस्ट रुपमा भरी सहीछाप गरी पेश गर्नु पर्नेछ। बोलपत्र जुन फर्मको नामबाट खरिद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनु पर्नेछ।
- कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।
- सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूची १ र २ ले तोके बमोजिमको न्यूनतम मापदण्ड हुनु पर्नेछ।
- बोलपत्र फारम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन) समेत र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन) समेत बमोजिम हुनेछ।
- बोलपत्र फारम खरिद, दर्ता गर्ने समय र अन्य विवरण तपसिल अनुसार रहेको छ।

| | | |
|---|---|---|
| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय : २०७७/०३/९ कार्यालय समय भित्र। | बोलपत्र दर्ता गर्ने अन्तिम मिति : २०७७/०३/१० दिउँसो १२ बजे भित्र। | बोलपत्र खुल्ने मिति : २०७७/०३/१० दिउँसो १ बजे पछी सेहि दिन। |

| क्र.सं. | ठेक्का नं. | खरिद गर्नुपर्ने कामको विवरण | लागत अनुमान रु. ( भ्याट बाहेक) | जमानत वापतको रकम रु. | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | शि.शा.०२ - ०७६।०७७ | सेनेटरी प्याड खरिद कार्य | १२५६६४०।०० | ३१५००।०० | १०००।०० | शिलवन्दी दरभाउ पत्र |

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत